विधेयक सङ्ख्याः

# पञ्चदेवल विनायक नगरपालिकाको

# विनियोजन ऐन, २०७७

नगरसभाबाट पारित मितिः २०७७/०३/२०

पञ्चदेवल विनायक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक वर्ष २०७७/७८**

Website: www.panchadewalbinayakmun.gov.np; E-mail: info@panchadewalbinayakmun.gov.np

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले स्थानीय सञ्चितकोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(अम्बिका चलाउने)**
**नगर उपप्रमुख**
**पञ्चदेवल विनायक नगरपालिका**

# विनियोजन ऐन, २०७७

## पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**नगरसभाबाट स्वीकृत मितिः २०७७/०३/२०**

**प्रस्तावनाः** आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि पञ्चदेवल विनायक नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको छैटौं नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पञ्चदेवल विनायक नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा, कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, वित्तिय व्यवस्था, आन्तरिक आम्दानी, नेपाल सरकार तथा प्रदेश सरकार राजश्व बाँडफाँड, सशर्त अनुदान र गत आ.व.को नगद मौज्दात रकम समेत गरी जम्मा रकम रु. ४६,६५,५०,९४०/- (अक्षेरुपी रु. छयालिस करोड पैंसठ्ठी लाख पचास हजार नौसय चालिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त पञ्चदेवल विनायक नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रमक मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिका/नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
पञ्चदेवल विनायक नगरपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम

| पञ्चदेवल विनायक नगरपालिकाको आ.व. २०७७/७८ को आय व्यय विवरण | | | | |
|---|---|---|---|---|
| आम्दानीतर्फ | | | खर्चतर्फ | |
| सि.नं. | आयका शिर्षकहरु | बजेट रु | खर्चका शिर्षकहरु | बजेट रु. |
| १ | नेपाल सरकार सशर्त अनुदान | २३०१००००० | सशर्त अनुदान | २३०१००००० |
| २ | नेपाल सरकार वित्तिय समानिकरण | ९६९००००० | प्रशासनिक चालु खर्च | ५९०००००० |
| ३ | विशेष अनुदान चालु संघीय सरकार | ५०००००० | प्रशासनिक पुँजिगत खर्च | ७०००००० |
| ४ | समपुरक अनुदान अनुमानित संघीय सरकार | ० | अनुमानित विशेष अनुदान संघीय सरकार | ५०००००० |
| ५ | राजश्व बाँडफाँड संघीय सरकार | ८६५७८९४० | समपुरक अनुदान, प्रदेश सरकार | ७७७३००० |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ७०९६००० | विशेष अनुदान, प्रदेश सरकार | ६८००००० |
| ७ | विशेष अनुदान चालु प्रदेश सरकार | ६८००००० | वडाहरुको पुँजिगत खर्च | ३६०५०००० |
| ८ | समपुरक अनुदान अनुमानित प्रदेश सरकार | ७७७३००० | वडागत चालु खर्च | ३५०१००० |
| ९ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४१८००० | विषयगत शाखा कार्यक्रम खर्च | ३४०००००० |
| १० | न.पा.को आ.व.२०७७/७८ को अनुमानित आन्तरिक आय | ४८८५००० | समपुरक कोष | २४१२६९४० |
| ११ | गत बर्षको नगद मौज्दात | २०००००००० | पुँजिगत नगर कार्यपालिका खर्च | ५३२००००० |
| जम्मा | | ४६६५५०९४० | जम्मा | ४६६५५०९४० |

## कार्यक्रम/परियोजना अनुसार बजेट बिनियोजन
## आ.व. २०७७/७८

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | स्रोत | आ.व. २०७७/७८ को बिनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| चालु प्रशासनिक खर्च | | | | | |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ६५०००००।०० | |
| २ | पोशाक | २११२१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ६०००००।०० | |
| ३ | स्थानीय भत्ता | २११३१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| ४ | महँगी भत्ता | २११३२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| ५ | कर्मचारीको बैठक भत्ता | २११३४ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १०००००।०० | |
| ६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | राजश्व बाँडफाँड-संघीय | २५००००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकार-नगद | | |
| ७ | अन्य भत्ता | २११३९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २०००००।०० | |
| ८ | पदाधिकारी बैठक भत्ता | २११४१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १२०००००।०० | |
| ९ | पदाधिकारी अन्य सुविधा | २११४२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ८१०००००।०० | |
| १० | पदाधिकारी अन्य भत्ता | २११४९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १५००००।०० | |
| ११ | कर्मचारी कल्याण कोष | २१२१४ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| १२ | पानी तथा बिजुली | २२१११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ३५००००।०० | |
| १३ | सञ्चार महसुल | २२११२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| १४ | इन्धन (पदाधिकारी) | २२२११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| १६ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| १७ | बिमा तथा नविकरण खर्च | २२२१४ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| १८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १५०००००।०० | |
| १९ | नगर डोजरको सञ्चालन तथा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | २२२३१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ७०००००।०० | |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २००००००।०० | |
| २१ | इन्धन-अन्य प्रयोजन | २२३१४ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २०००००।०० | |
| २२ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | २२३१५ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| २३ | अन्य कार्यालय सञ्चालन खर्च | २२३१९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| २४ | सेवा र परामर्श खर्च | २२४११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| २५ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २२४१२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| २६ | करार सेवा शुल्क | २२४१३ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १५००००००।०० | |
| २७ | सरसफाई सेवा शुल्क | २२४१४ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २०००००।०० | |
| २८ | अन्य सेवा शुल्क | २२४१९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५००००।०० | |
| २९ | कर्मचारी तालिम खर्च | २२५११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |
| ३० | नगर स्तरिय सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| ३१ | नगर स्तरिय विविध कार्यक्रम खर्च | २२५२२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| ३२ | अनुगमन मूल्यांकन खर्च | २२६११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १५०००००।०० | |
| ३३ | भ्रमण खर्च | २२६१२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १५०००००।०० | |
| ३४ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ३०००००।०० | |
| ३५ | अन्य भ्रमण खर्च | २२६१९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २०००००।०० | |
| ३६ | विविध खर्च | २२७११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| ३७ | सभा सञ्चालन खर्च | २२७२१ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | विपद व्यवस्थापन कोष (उद्धार, राहत तथा पुनर्स्थापना खर्च) | २७२१२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २०००००००।०० | |
| ३९ | घर भाडा | २८१४२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | ७००००००।०० | |
| ४० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २८१४३ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००००।०० | |
| ४१ | अन्य भाडा | २८१४९ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २००००००।०० | |
| ४२ | भैपरी आउने चालु खर्च | २२९११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००००।०० | |
| | **जम्मा चालु प्रशासनिक खर्च** | | | **५९००००००।००** | |
| **पुँजिगत प्रशासनिक खर्च** | | | | | |
| ४५ | सवारी साधन खरिद (४ पाङ्ग्रे गाडी) | ३११२१ | समानिकरण नगद मौज्दात-संघीय सरकार-नगद | ५००००००।०० | |
| ४६ | मेशिनरी तथा औजार (फ्याक्स, कम्प्युटर, प्रिन्टर तथा सूचना प्रविधि सम्बन्धि मेशिनरी तथा औजार) | ३११२२ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| ४७ | फर्निचर तथा फिक्चर्स (वडा तथा नगर कार्यालय) | ३१११५ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | १००००००।०० | |
| | **जम्मा पुँजिगत प्रशासनिक खर्च** | | | **७००००००।००** | |
| **जम्मा प्रशासनिक खर्च (चालु+पुँजिगत)** | | | | **६६००००००।००** | |
| | भैपरी आउने पूँजिगत खर्च (समपुरक कोष समेत) | ३१५११ | राजश्व बाँडफाँड-संघीय सरकार-नगद | २४१२६९४०।०० | |